जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १८५ २०७७ साल फागुन १० गते सोमबार (22 Feb. 2021 Monday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : कोरोनाका चार नयाँ ... ३ पृष्ठमा : अन्तर्राष्ट्रिय कुस्ती ... ३ पृष्ठमा : युनाइटेड एयरलाइन्सको ...

## आगोले जलेर गम्भिर भएकी निरसीलाई उपचार खर्चको अभाव



**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

आगोबाट जलेर गम्भिर घाइते भएकी एक महिलालाई उपचार खर्च अभावमा अहिले समस्या परेको छ ।

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा फण्डै एक महिनादेखी उपचार गराइरहेकी राजविराज नगरपालिका १० दिघवा टोलकी २५ वर्षिया निरसीदेवी खंगलाई उपचार खर्च बढेपछि उनी समस्यामा परेकी छिन् ।

गत माघ १३ गते चिसो छल्न बालिएको घुर साडीमा सल्केर शरीरको छाती भन्दा मुनीको पुरै भाग जलेर गम्भिर घाइते भएकी उनलाई उपचारका लागि सो अस्पतालको सर्जिकल विभागमा भर्ना गरिएको थियो ।

हाल सोही अस्पतालमा उपचार लम्बिदै गएपछि खर्च पनि बढेकोले तनावमा परेको पति राजाराम खंगले जानकारी दिए । ऐलानी जग्गामा बसोवास गर्दै आएका खंग दम्पत्तिको एक मात्र सन्तान छन् । उनीहरु दैनिक अर्काको घर र खेतमा काम गरेर जिविकोपार्जन गर्दै आएका थिए । तर, निरसी जलेर गम्भिर घाइते भएका कारण पति उनकै रेखदेखमा खट्ने गरेकाले अहिले रकम अभाव हुँदा उपचार खर्च मात्र नभएर हातमुख जोड्न समेत समस्या भएको छ ।

बढी मुल्य पर्ने औषधीका कारण हालसम्म दैनिक मजदुरी गरेर कमाएको २१ हजार रुँपैया पनि खर्च भइसकेकोले अहिले औषधी किन्ने पैसा समेत नरहेको पति राजारामले जानकारी दिए । पत्नीको उपचारका लागि वडा कार्यालयदेखी टोलका साहु महाजनसम्म सहयोगको याचना गरेपनि कत्ते सहयोग नपाएको राजारामले सुनाए ।

पीडित महिलाकी दिदी सचोदेवीले गरिबी कै कारण

बाँकी अन्तिम पृष्ठमा

## मामाको विवाहमा आएका भान्जाको डुबेर मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिकामा आइतबार एक अढाई वर्षिय बालकको पानी जमेको खाल्डोमा डुबेर मृत्यु भएको छ ।

सो नगरपालिका ९ भारदहस्थित मामाको विवाहमा आएका सुपौल निवासी गिदरमारी ग्राम पञ्चायत गिदार मारी बस्ने बिनोद मेहताका अढाई वर्षिय छोरा राजेश मेहता मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

स्थानिय महेन्द्र मेहताका नाति राजेश घरमा कोही नभएको बेला खेल्ने क्रममा घर पछाडी रहेको धाराको पानी जम्ने खाल्डोमा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

मृत्यु भएका बालकको शव गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा पोष्टमार्टमका लागी राखिएको तथा घटना बारे थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर प्रसाद साहले जानकारी दिएका छन् ।

## कारको ठक्करबाट मोटरसाइकलमा सवार एकको मृत्यु, दुईको गम्भिर

**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका २ पूर्वपश्चिम राजमार्गस्थित चाँदनी चौक नजिकै कारको ठक्करबाट मोटरसाइकलमा सवार एकजनाको मृत्यु गएको छ भने

बाँकी तीन पृष्ठमा

## प्रधानमन्त्रीलाई पद छाडी आन्दोलनमा आउन काँग्रेस वरिष्ठ नेता पौडेलको आह्वान



**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

नेपाली काग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले प्रधानमन्त्री केपी शर्मा ओलीलाई पद छाडी आन्दोलनमा आउन आह्वान गरेका छन् ।

मधेश सम्मान यात्राका क्रममा आइतबार राजविराज आइपुगेका काँग्रेसका वरिष्ठ नेता पौडेलले नेपाल प्रेस युनियन सप्तरीद्वारा आयोजित पत्रकार सम्मेलनमा बोल्दै सो आह्वान गरेका हुन् ।

प्रधानमन्त्री ओलीले शनिबार बिराटनगरको कार्यक्रममा अदालतलाई धम्क्याउँदै दिएको अभिव्यक्ति प्रति कडा असन्तुष्टि पोख्दै नेता पौडेलले कुर्सी छाडेर आन्दोलनमा आउन प्रधानमन्त्री ओलीलाई आह्वान गरे ।

वरिष्ठ नेता पौडेलले प्रधानमन्त्रीले चालेको कदम पूर्णत असबैधानिक रहेको भन्दै यसबारे नेपाली काँग्रेसप्रति कुनै पनि भ्रम र अस्पष्टता नराख्न

बाँकी अन्तिम पृष्ठमा



## सम्पादकीय

# महिलाहरुलाई अगाडी बढाउन पुरुषले अग्रसरता देखाउनुपर्छ

महिलाहरुलाई हेप्ने, शोषण गर्ने र मान्छेको समेत दर्जामा राख्न नचाहनेहरु पनि समाजमा छन् । महिलाहरु विकासका सरल र सहज संवाहक हुन् । तर केही पुरुषवादी अहम् राखेकाहरुकै कारण महिलाका साथै समग्र समाजको विकासमा अवरोध सृजना हुँदै आएको छ । पितृसत्तात्मक सोच र व्यवहारका कारण महिलाहरु आर्थिक, सामाजिक राजनैतिक र सांस्कृतिक रुपमा पछाडि धकेलिंदै छन् ।

विकासको समग्रतालाई मनन् गरेर महिला सहभागितालाई हरेक क्षेत्रमा प्रोत्साहन गरिदै तबसम्म समग्र विकासको कल्पना समेत गर्नु मुर्खता हुनेछ । महिलाहरुको पहुँच र नियन्त्रण स्थानीय श्रोत र साधनमा नहुनु दुःखलाग्दो मात्र नभई अमानवीय पनि हो । जुन श्रोत साधनको संरक्षण, सम्वर्द्धन र जगेर्ना गर्न महिलाहरु तत्पर रहन्छन् । उनीहरुको तदारुकताका साथको सहभागिता देखापर्छ ।

महिलाहरुको समग्र विकासको पाटो कमजोर हुँदै गएको छ । यो पाटो पनि सशक्तिकरण, अवसरको उपलब्धता र क्षमता अभिवृद्धिको मूलधारसँग जोडिनुपर्ने आजको आवश्यकता हो । महिलाहरुको आर्थिक उत्पादन, सामाजिक जीवन लगाायतका कार्यक्रममा संलग्नताले उनीहरुको अवस्था परिवर्तन धेरै मद्दत गर्नेछ ।

तसर्थ, महिलाहरुको उत्थानका क्रममा स्वयं महिलाहरुसँगै पुरुषहरुले पनि सहकार्य गर्नुपर्ने हुन्छ । महिलाहरुको पहुँच र नियन्त्रण पनि श्रोत साधनमा पुऱ्याउन हामी सबै यसका लागि इमान्दार रुपमा तयार हुनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोरोनाका चार नयाँ भेरियन्ट फेला

काठमाडौँ, ९ फागुन (रासस) ।

कोरोना भाइरस सङ्क्रमणबाट विदेशमा यस साता थप एक नेपालीको निधन भएको छ । गैरआवासीय नेपाली सङ्घका अनुसार बेलायतमा एक जनाको सङ्क्रमणबाट निधन भएको हो । यो सहित २१ देशमा कोरोना सङ्क्रमणले निधन हुने नेपालीको सङ्ख्या ३३६ जना पुगेको छ ।

सङ्घअन्तर्गतको स्वास्थ्य समितिका संयोजक सञ्जिव सापकोटाका अनुसार शनिबार साँझसम्म विभिन्न ५० देशमा रहेका ६० हजार ६३० जना नेपालीमा कोरोना सङ्क्रमण पुष्टि भएको छ । तीमध्ये ५९ हजार १२० जना कोरोना सङ्क्रमण मुक्त भएका छन् । सङ्क्रमणमुक्त हुने दर ९७ प्रतिशत छ ।

गैरआवासीय नेपाली सङ्घको स्वास्थ्य समितिका अनुसार यस साता स्वीडेन, स्पेन, पोल्याण्ड, सेसल्स, बेलायत, युएई, साउदी अरबमा रहेका थप नेपालीमा कोरोना सङ्क्रमण देखिएको छ ।

यस्तै कोरोना भाइरसका कारण नेपालमा दुई हजार ६१ जनाको निधन भएको छ । नेपालमा कोरोना भाइरसबाट सङ्क्रमण हुनेको सङ्ख्या दुई लाख ७३ हजार २६३ जना छ भने २ लाख ६९ हजार ६१९ जना अर्थात् ९८.७ प्रतिशत कोरोनाबाट मुक्त भएको गैरआवासीय नेपाली सङ्घ, कोभिड- १९ उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिनुभयो ।

**खोप अभियानमा सहभागी बनौँ**

स्वास्थ्य विशेषज्ञले हाल प्रयोगमा आएका खोप सुरक्षित रहेको बताएका छन् । स्वास्थ्य समितिमा आबद्ध चिकित्सकका अनुसार लामो समयको अध्ययन र परीक्षणपश्चात् खोप प्रयोगमा ल्याइएकाले ती प्रयोगका लागि सुरक्षित छन् । हाल कोरोनाको विभिन्न चार नयाँ भेरियन्ट देखा परेको जनाउँदै उनीहरुले अहिले प्रयोगका ल्याइएका खोप नयाँ भेरियन्टका लागि पनि प्रभावकारी हुने बताएका छन् ।

संयुक्त अधिराज्य, क्यालिफोर्निया देश तथा एशिया र दक्षिण अफ्रिका महादेशमा कोरोनाको नयाँ भेरियन्ट देखा परेको हो । प्रारम्भिक अनुसन्धानअनुसार नयाँ भेरियन्ट पुरानो भाइरसका तुलनामा बढी सङ्क्रामक छन् । स्वास्थ्य समितिले नयाँ भेरियन्टविरुद्ध पनि खोप प्रयोग गर्न सकिने जनाउँदै खोप अभियानमा सहभागी हुन अपिल गरेको छ ।

विभिन्न दीर्घ रोगको औषधि सेवन गरिरहेका व्यक्तिले पनि खोप लिनसक्ने समितिले जनाएको छ । गर्भवती, स्तनपान गराउने महिला र तुरुन्त गर्भवती हुन योजना बनाइरहेकालाई खोप नलगाउन भनिएको छ । यस्तै १८ वर्ष मुनिकालाई पनि खोप सिफारिस गरिएको छैन । खोप लगाउनु पूर्व आफ्नो स्वास्थ्यका बारे चिकित्सकसँग सल्लाह गर्नसमेत समितिले सुझाएको छ ।

# भाञ्जा अपहरण गरेर फिरौती माग्ने मामा पक्राउ

धनुषा, ९ फागुन (रासस) ।

आफ्नै भाञ्जा अपहरणको गरेर एक करोड फिरौतीको रकम माग गरेको आरोपमा एक युवकलाई पक्राउ गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले आइतबार पत्रकार सम्मेलनको आयोजना गरी नगराइन नगरपालिका-६ लग्मा बस्ने रमेश दासको सात वर्षीय छोरा चन्दन दासको अपहरणमा संलग्न रहेको आरोपमा महोत्तरी पिपरा गाउँपालिका-७ निवासी रामरतन दास भनेर चिनिने २० वर्षीय लक्ष्मेश्वरकुमार दासलाई पक्राउ गरी प्रहरीले सार्वजनिक गरेको हो ।

महोत्तरीको साबिक दनौली-७ र अहिलेको पिपरा गाउँपालिका-७ घर भई हाल जिल्ला धनुषा जनकपुरधाम उपमहानगरपालिका-७ कटैयाचौरीस्थित सरोज ठाकुरको घरमा डेरा गरी बस्ने नातामा नाबालकका मामा पर्ने दासले आफ्नै कोठामा बन्धक बनाई राखिएको अवस्थामा बालकलाई सकुशल उद्धार गरिएको प्रहरीले जनाएको छ । फोन गरी फिरौती माग गर्ने निज नाबालकको मामा दासलाई हिरासतमा लिई थप अनुसन्धान थालिएको प्रहरी उपरीक्षक प्रकाश रानाभाटले जानकारी दिनुभएको छ ।

शनिबार दिउँसो १ बजेदेखि हराइरहेका बालकको खोजतलास हुँदै गर्दा बेलुकी ५ बजेको समयमा मोबाइलबाट फोन गरी बालकको आमासँग रु एक करोड फिरौती रकम माग गरिएको कुरा बालकका अभिभावकले टेलिफोनमार्फत सीमा प्रहरी चौकी लग्मा (जटही) धनुषामा खबर गर्ना साथ प्रहरी अनुसन्धानमा लागेको प्रहरी उपरीक्षक रानाभाटले जनाउनुभयो ।

प्रहरी उपरीक्षक रानाभाटका अनुसार प्रदेश २ प्रहरी कार्यालयको प्राविधिक टोलीको सहयोगमा धनुषा प्रहरीले बालक अपहरणमा परेको ७ घण्टाभित्रै सकुशल उद्धार गर्न सफल भएको हो । अपहरणमा संलग्न बालकका मामासहित तीनजना पक्राउ परेका छन् । पक्राउ पर्ने अन्य दुईजनाको नाम खुलाइएको छैन । घटनाबारे अन्य अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# थप ८० जनामा कोरोना

काठमाडौं, ९ फागुन (रासस) ।

पछिल्लो २४ घण्टामा ८० जनामा संक्रमण पुष्टि भएसँगै नेपालमा कोरोना संक्रमितको संख्या दुई लाख ७३ हजार ४३१ पुगेको छ ।

गत २४ घण्टामा काठमाडौँमा ३६, ललितपुर ११ र भक्तपुरका दुई गरी काठमाडौँ उपत्यकामा ४९ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा १२१ जना निको भएसँगै कोरोनाबाट निको हुनेको संख्या दुई लाख ६९ हजार ८७६ पुगेको छ ।

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसंग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहि हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# अन्तर्राष्ट्रिय कुस्ती प्रतियोगिता सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा संचालित अन्तर्राष्ट्रिय कुस्ती प्रतियोगिता आइतबार सम्पन्न भएको छ।

स्व. साकेत चन्द्र मिश्रको स्मृति एवं सम्मानमा आयोजित ११ औं अन्तर्राष्ट्रिय महिला तथा पुरुष कुस्ती प्रतियोगिता आइतबार सम्पन्न भएको हो।

प्रतियोगिताको अन्तिम दिन पुरुषतर्फ भएको १३ प्रतिस्पर्धामध्ये ७ प्रतिष्पर्धामा नेपालका पहलमान तथा ६ प्रतिष्पर्धामा भारतीय पहलमान बिजयी भएका छन्।

यस्तै महिलातर्फको भएको ५ अन्तिम प्रतिष्पर्धामा भारतीय पहलमानले ३ तथा नेपाली पहलमानले २ प्रतिष्पर्धामा जित हात पारेका छन्।

विभिन्न तौल समूहमा गरि पुरुषतर्फ २६ र महिलातर्फ १० गरि कुल ३६ प्रतिस्पर्धा भएकोमा पुरुषतर्फ १६ र महिलातर्फ ४ नेपाली पहलमान बिजयी भएका छन्। यस्तै पुरुषतर्फ १० र महिलातर्फ ६ भारतीय खेलाडी बिजयी भएका छन्।

प्रतियोगिता समापनपछि आयोजक समितिका अध्यक्ष दिनेश्वर मिश्रको अध्यक्षतामा आयोजित समारोहमा पूर्वसभासद् एवं नेकपाकी केन्द्रिय सदस्य रन्जु ठाकुर, डा अनिल कुमार झा तथा प्रदेशसभा सदस्य मनिष सुमनलगायतले बिजयी खेलाडीहरुलाई पुरस्कार बितरण गरेका थिए।

सरस्वती पुजा तथा बसन्त पंचमीको अवसर पारेर बिगत ११ वर्षदेखी पूजा तथा मेला समितिले तिलाठी निवासी स्व. मिश्रको स्मृति एवं सम्मानमा अन्तर्राष्ट्रिय कुस्ती प्रतियोगिता आयोजना गर्दै आएको छ।

### कारको ठक्करबाट ...

दुर्घटनामा दुई जना गम्भिर घाइते भएका छन्।

सो सडकखण्डमा आइतबार बिहान ६ बजेतिर पूर्वबाट पश्चिम जाँदै गरेको बा.१०च. २५२४ नम्बरको कारले विपरीत दिशाबाट आउँदै गरेको बा.२६प. २२६० नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार उदयपुरको त्रियुगा नगरपालिका ६ बस्ने २२ वर्षिय विपिन चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

ठक्करबाट टाउँकोमा गम्भिर चोट लागेका चौधरीलाई रायपुरस्थित युनिक अस्पतालमा प्रारम्भिक उपचारपछि बिराटनगरस्थित न्युरो अस्पताल लगिएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले जानकारी दिएका छन्।

दुर्घटनामा गम्भिर घाइते भएका मोटरसाइकल सवार सिरहाको लहान नगरपालिका २० निवासी २५ वर्षिय प्रेम चौधरीको सोही अस्पतालमा तथा सुरुङ्गा नगरपालिका १ बस्ने अर्को घाइते ४५ वर्षिय प्रेम चौधरीको युनिक अस्पतालमा उपचार भइरहेको छ।

ठक्कर दिने गाडी र चालकलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोबाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### युनाइटेड एयरलाइन्सको विमान ठूलो दुर्घटनाबाट बच्यो, सकुशल अवतरण

डेन्भर, ९ फागुन (रासस/एएफपी)।

संयुक्तराज्य अमेरिकाको डेन्भरबाट हवाईतर्फ उडेको युनाइटेड एयरलाइन्सको विमानको एउटा इन्जिनमा उड्नासाथ आगो लागेपनि पाइलटले सकुशल अवतरण गराएका छन्।

विमानको इन्जिनमा आगो लाग्न थालेसँगै विमानको बाहिरी भागबाट अवशेष उछिट्टिएर भुँइमा खसेका थिए। अधिकारीले विमानका चालकले आपतकालीन अवतरण गर्न विमानस्थलको टावरसँग सम्पर्क गरेर तत्कालै विमानलाई डेन्भर विमानस्थलतर्फ फर्काएका थिए।

विमानभित्रका यात्रुले खिचेको तस्वीर एवं भिडियोमा बोइङ ७७७-२०० को उक्त विमानको दायाँतर्फको इन्जिनमा ठूलै आगोको मुस्लो देखिएको थियो। आगोका कारण इन्जिनको बाहिरी कभर खुस्किएर उछिट्टिएको थियो। विमानमा २३१ जना यात्रु र १० जना चालक दलका सदस्य थिए।

विमानमा सवार वा जमिनका कुनैपनि व्यक्तिलाई चोटपटक नलागेको अधिकारीहरुले बताएका छन्।

विमानमा सवार यात्रु डेभिड डेलुसियाले डेन्भर पोस्टलाई प्रतिक्रिया दिँदै आफूलाई एक पटक बाँच्छु भनेर आशा नै नभएको बताउनुभएको छ।

युनाइटेड एयरलाइन्सले एक विज्ञप्ति जारी गर्दै डेन्भरबाट होनोलुलुतर्फ उडेको विमानमा इन्जिनमा समस्या देखिएको तर विमानलाई सकुशल डेन्भर फर्काइएको जनाएको छ।

विमानका पाइलटले "विमानको इन्जिनमा आगो लागेकाले तत्कालै फर्कन अनुमति पाऔं" भन्दै टावरसँग सम्पर्क गरेका थिए।

### चीन सरकारद्धारा चीनमा बनेका १६ कोभिड-१९ खोपलाई परीक्षणको अनुमति

बेइजिङ, ९ फागुन (रासस/सिन्ह्वा)।

चीन सरकारले चीनभित्र नै बनेका कम्तीमा पनि १६ ओटा खोपलाई परीक्षणको अनुमति दिएको बताइएको छ। चीनको नेशनल मेडिकल प्रोडक्स एड्मिनिस्ट्रेसनले सो कुराको जानकारी दिएको हो।

शनिबार सो निकायले दिएको जानकारीअनुसार चीन सरकारले यहाँका १६ ओटा कम्पनीका खोपलाई परीक्षणको अनुमति दिएको छ भने तीमध्येका छ ओटाको त परीक्षणको तीन चरण नै भइसकेको जनाइएको छ।

यी मध्येका दुई ओटा कम्पनीले निर्माण गरेका खोपले भने चीनभित्र र बाहिर पनि बजार लिएको बताइएको छ। चाइना नेशनल बायोटेक ग्रुपको तर्फबाट बनेको सिनोफार्मको खोपले अहिले बजार लिएको छ।

त्यस्तै गरी सिनोभ्याक बायोटेकले बनाएको कोरोना भ्याक भ्याक्सिनले पनि बजारमा प्रवेश पाएको छ र यसको धेरैतिर प्रयोग पनि भएको बताइएको छ।

ती दुई खोपले चीनको सरकारी आधिकारिक निकायबाट गएको डिसेम्बर ३० मा र यसै वर्षको फेब्रुअरी ५ मा नै अनुमति पाएका बताइएको थियो।

त्यसैगरी चीनको औषधि व्यवस्थापनसम्बन्धी सरकारी निकायले यही फेब्रुअरीको ९ तारिखमा चार करोडभन्दा बढी खोप यहाँका औषधिको प्रचलन गर्ने संस्थालाई हस्तान्तरण गरेर लगाइएको पनि बताइएको छ।

त्यसमार्फत ती खोप चीनमा काम गर्ने र भाइरसको जोखिम रहेका समुदायका नागरिकलाई नै लगाइएको बताइएको छ। ती खोपहरु भने अरु कतिपय देशमा निर्यात पनि गरिएको बताइएको छ।

### अफगानिस्तानमा बम विस्फोट एक प्रहरी अधिकारीको मृत्यु

लस्कार घा, अफगानिस्तान, ९ फागुन (रासस/सिन्ह्वा)।

अफगानिस्तानको दक्षिणी प्रान्त हेल्मान्डको प्रान्तीय राजधानी लस्कार घामा व्यस्त सडकमा भएको एक विस्फोटमा परी कम्तीमा एक प्रहरी अधिकारीको मृत्यु भएको छ।

यस विस्फोटमा अन्य १५ जना घाइते भएका छन। अफगानिस्तानको हेल्मण्ड प्रान्तको राजधानी शहर लास्कर घामा सो विस्फोट गराइएको थियो। बम विस्फोट कसले गराएको भन्ने बारेमा केही जानकारी आएको छैन। हालसम्म यस विस्फोट कुनै समूहले जिम्मा पनि लिएको छैन्।

पनि प्रहरीले सो विस्फोट तालिबानी विद्रोहीले नै गराएको बताएका छन्। सो विस्फोट यहाँको जिल्ला प्रहरी कार्यालयको नजिकै भएको बताइएको छ।

यस विस्फोटमा परेर अरु केही नागरिक घाइते भएका छन्। उनीहरुलाई आकस्मिकरुपमा अस्पताल लगिएको छ।

# आरोप प्रमाणित गरेर देखाउन अध्यक्ष यादवको चुनौती



**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

सप्तरीको रुपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादवले सडक तथा विकास निर्माणका अन्य काम गर्दा रकम चलखेल तथा हिनामिना गरेको कुरा प्रमाणित गरेर देखाइदिन चुनौती दिएका छन् ।

आइतबार पत्रकार सम्मेलनको आयोजना गर्दै आफ्नो कामको बारेमा तथ्यपूर्ण समाचार सम्प्रेशनका लागि उनले संचारकर्मीहरु समक्ष आग्रह समेत गरे ।

गाउँपालिकाको सीमित बजेटका बाबजुद पनि जनताका समस्यालाई प्राथमिकतामा राखेर काम गर्दा आफूलाई विभिन्न कोणबाट हतोत्साहित गर्ने काम भइरहेको उनको भनाई छ ।

तीन करोडको बजेटबाट काम गरेको योजनामा ६ करोड हिनामिना गरेको भन्दै आफ्ना बिरुद्ध गाउँकै केही व्यक्तिले सामाजिक संजालमा लेख्ने गरेको उनको गुनासो थियो ।

कार्यालयमा जथाभावी तथा अनियमित ढंगले कर्मचारी भर्ना गरिएको झुठो आरोपको खण्डन गर्दै उनले ६ जना सरसफाईकर्मी बाहेक अन्य केही कर्मचारी भर्ना गरेपनि त्यसमा प्रक्रिया पुर्‍याइएको बाँकी कर्मचारी आफ्नो कार्यकाल अगावै नियुक्ति भएकाले उनीहरुलाई निरन्तरता मात्र दिएको स्पष्ट पारे ।

आफ्नै क्षेत्रबाट निर्वाचित प्रदेशसभा सदस्यले समेत गाउँपालिकाले बनाएको सडक तथा अन्य विकास निर्माणका कार्यमा हिनामिना गरेको भनी निराधार आरोप लगाएकोप्रति दुःख व्यक्त गरे ।

पत्रकार सम्मेलनमा उपाध्यक्ष बेचनीदेवी सरदार तथा उक्त गाउँपालिकाका केही वडाका अध्यक्षहरुले समेत अध्यक्ष यादवको समर्थन गर्दै विपक्षिले बिरोधका लागि बिरोध गरिरहेको तथा अनावश्यक रुपमा गलत प्रचारबाजीमा लागेको बताएका थिए ।

# सिरहामा पाँच हजारले लगाए खोप

लहान, ९ फागुन (रासस) ।

सिरहामा पाँच हजार ३५३ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।

दुई चरणमा सञ्चालित खोप कार्यक्रमअन्तर्गत जिल्लामा पहिलो चरणमा तीन हजार ४२६ र दोस्रो चरणमा एक हजार ९२७ जनाले खोप लगाएका हुन् ।

सरकारले तोकेको मापदण्डभित्र परेकाले जिल्ला अस्पताल, रामकुमार उमाप्रसाद स्मारक अस्पताल र मिर्चैया प्राथमिक स्वास्थ्य केन्द्रबाट खोप लगाइएको कार्यालयका प्रमुख कृष्णदेव यादवले जानकारी दिनुभयो ।

खोप लगाउनेमा स्वास्थ्य, सुरक्षा र सञ्चारकर्मी तथा निजामती कर्मचारी र जनप्रतिनिधि रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

## आगोले जलेर ...

बहिनीको उपचारमा समस्या भएको बताउँदै सहयोगको याचना गरेकी छिन् ।

चिकित्सकले बाहिर लगेर थप उपचार गराउन पनि सल्लाह दिएपनि रकमको अभावमा लान नसकिएको उहाँले लाचारी व्यक्त गर्दै सम्पूर्ण सरोकारवाला पक्षहरुसँग सहयोगका लागि याचना समेत गरे ।

## प्रधानमन्त्रीलाई ...

आग्रह समेत गरे ।

प्रतिनिधिसभा विघटन गरेर चालिएको कदम सच्याउन त्यसको पुर्नस्थापना नै जरुरी रहेको भन्दै उनले सर्वोच्च अदालतमा विचाराधिन रहेको यस विषयमा अदालतले पनि संविधान कै आधार टेकेर निर्णय दिनेमा आफू विश्वस्त रहेको उल्लेख गरे ।

प्रधानमन्त्रीका कदम बिरुद्ध काँग्रेसले देशैभरिका सम्पूर्ण स्थानिय तहका वडा वडामा पुगेर विरोध प्रदर्शन गरिरहेको बताउँदै उनले काँग्रेस आन्दोलनबाट पछि नहट्ने दाबी समेत गरे ।

मधेश सम्मान यात्राका क्रममा आफू मधेशका जिल्लाको भ्रमणमा निस्केको जानकारी दिँदै उनले सप्तरीले २००७ सालदेखी नै प्रजातन्त्रका लागि ठूलो योगदान पुर्‍याएको स्मरणसमेत दोहोर्‍याए ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**





देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER — Money Transfer Made Easy
Best Remit — Quick & Easy
PRABHU Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME — International Money Express
himal remit — हिमालरेमिट — HBL Himalayan Bank Ltd — BATAS
CG Money — CHAUDHARY GROUP



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*